आज मिति २०७८ साल आश्विन ७ गते विहीवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं. १ : २०७८/५/२२ को बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : वेरोजगार स्नातक महिलालाई दिइने अनुदान मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं. ३ : कर्मचारीहरुलाई विशेष सुविधा दिने कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. ४ : फोहोर मैलाबाट ऊर्जा उत्पादन गर्ने सम्बन्धी प्रस्ताव माग सम्बन्धमा ।
प्रस्ताव नं. ५ : विद्यालयमा कार्यरत बाल विकास शिक्षक, लेखापाल र कार्यालय सहयोगीलाई थप सुविधा दिने सम्बन्धमा
प्रस्ताव नं. ६ : कृषि प्रयोजनका लागि जग्गा रजिष्ट्रेशन शुल्क छुट सम्बन्धमा ।
प्रस्ताव नं. ७ : दशैं, तिहार विशेष व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. ८ : विभिन्न ठेक्का प्रकृया अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ९ : आपतकालिन केन्द्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१० : पार्किक शुल्क उठाउने सम्बन्धमा ।
प्रस्ताव नं.११ : खर्च संरचना निर्देशक समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : योजना तर्जुमा तथा अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३ : खर्च संरचना प्राविधिक समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४ : प्रतिनिधि तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५ : सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।
प्रस्ताव नं.१६ : दुम्सी शहरी स्वास्थ्य केन्द्र स्तरोन्नति सम्बन्धमा ।
प्रस्ताव नं.१७ : प्याथोलोजी स्वास्थ्य संस्था नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१८ : ट्राफिक सिग्नल बोर्ड सम्बन्धमा ।
प्रस्ताव नं.१९ : विद्यालय प्र.अ. नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२० : परामर्श सेवा सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. २१ : आयुर्वेद स्वास्थ्य क्लिनिक दर्ता सम्बन्धमा ।
प्रस्ताव नं. २२ : जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२३ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४ : संचार गतिविधि प्रकाशन प्रशारण सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.२५ : कार्यक्रम संयोजन प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७८/५/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी विषयमा सम्बन्धित शाखालाई कार्यान्वयन प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर सभाबाट पारित नीति तथा बजेट कार्यक्रम अनुसार यस नगर भित्र बसोवास गर्ने स्नातक उत्तीर्ण वेरोजगार महिलाहरुलाई वितरण गरिने अनुदान मापदण्ड, २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुमा कार्यालय प्रमुख, शाखा/उपशाखा प्रमुख, वडा सचिव एवं प्राविधिक कर्मचारीहरु समेतलाई अतिरिक्त समय काम गरे वापत एवं थप जिम्मेवारी बहन गरे वापत दिइने सुविधा सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा दैनिक १५ टन फोहोर बिसर्जन गर्नु पर्ने र स्थायी व्यवस्थापन हुन प्रयत्न भइरहेको अवस्थामा फोहोर मैलाबाट ऊर्जा उत्पादन गर्न सक्ने विभिन्न संघ/संस्था/कम्पनीबाट अनौपचारिक प्रस्ताव आइरहेकोमा राष्ट्रिय तथ अन्तर्राष्ट्रिय संघ/सस्था/कम्पनीहरुबाट लागत साझेदारीका आधारमा ऊर्जा उत्पादन गरी फोहोर बिसर्जन गर्ने न्यूनत्तम ३० दिनको म्याद दिई नियमानुसार प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र कार्यरत बाल विकास शिक्षक, लेखापाल र कार्यालय सहयोगीलाई संघ सरकारबाट प्राप्त पारिश्रमिकमा निम्नानुसार मासिक

पारिश्रमिक आन्तरिक श्रोत बजेट शिर्षक नं. १५२ बाट नपुग रकम थप उपलब्ध गराउने र सोधभर्नाका लागि संघ सरकारसँग माग गर्ने निर्णय गरियो । साथै उक्त शिक्षक, कर्मचारीको नियुक्ति, योग्यताको विवरण तयार गरी अभिलेख राख्न र संघ अन्तर्गत पारिश्रमिक लिने शिक्षक कर्मचारीको विवरण तयार गरी आन्तरिक श्रोतबाट थप हुने तथ्याङ्क राख्न शिक्षा तथा सामाजिक विकास शाखालाई जिम्मा दिने समेत निर्णय गरियो ।

(क) बालविकास शिक्षक –मासिक रू.१५,१००। (पन्ध्र हजार एक सय)
(ख) माध्यमिक विद्यालय लेखापाल –मासिक रू.१५,५००। (पन्ध्र हजार पाँच सय)
(ग) विद्यालय सहयोगी –मासिक रू.१४,५००। (चौध हजार पाँच सय)

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यासपालिका वडा नं.४ मा कृषि कार्य गर्दै आएका प्रो. सविना गुरुङ्ग रहनु भएको प्यारा क्यू प्रा.लि. ले श्री कृष्ण थापा, पवन गुरुङ्गका नाउँमा रहेका निम्न लिखित जग्गाहरु पारित गर्नका लागि नियमानुसार रजिष्ट्रेशन छुटका लागि सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | सि.नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| १. | फराकचौर ७/ठ | ४६९ | १-१५-०-० |
| २. | फराकचौर ७/ठ | ४७० | ०-१३-२-० |
| ३. | फराकचौर ७/ठ | ३९४ | ३-१४-२-२ |
| ४. | फराकचौर ७/ठ | ३९८ | १-१०-३-० |

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा दशैं, तिहार पर्वहरुमा विभिन्न मठ मन्दिर, रङ्ग रोगन, बाटो सरसफाईको व्यवस्था गर्न सम्बन्धित वडा बजेटबाटै वडा कै सिफारिसका आधारमा खर्चको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिमका आय सम्बन्धी ठेक्का प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका क्षेत्र भित्र मादी नदीको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने कार्य (मादी नदी पक्की पुलदेखि शिशाघाट पुलसम्म, वडा नं.५, ६, ७ र १०) (ठेक्का नं. ०२/mun/२०७८।०८९) को लागि नगरपालिका कार्यालयको स्वीकृत न्यूनत्तम अंक (मू.अ.कर र आयकर बाहेक) **रु.४,५०,००,०००।** मा सबैभन्दा बढी प्रतिशत अंक कबोल गरी बोलपत्र दर्ता गराउने **श्री रिद्धीसिद्धि निर्माण सेवा प्रा.लि. धापासी ६ काठमाण्डौले** कबोल गरेको (मु.अ.कर र आयकर बाहेक) रु.**६,०६,६६,६६६।५०** अंकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने कार्यको लागि मूल्यांकन समितिबाट सिफारिस भई सम्झौता प्रक्रिया समेत अगाडि बढिसकेको हुँदा उक्त ठेक्का स्वीकृत गरी हालसम्म कार्यालयबाट अगाडि बढाइएका प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका क्षेत्रभित्र मादी/सेती नदीको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने कार्य (वडा नं.१३ र १४) (ठेक्का नं.०३/mun/२०७८।०७९) को लागि नगरपालिका कार्यालयको स्वीकृत न्यूनतम अंक (मू.अ.कर र आयकर वाहेक) रु.८५,००,०००। मा सबैभन्दा बढी प्रतिशत अंक कबोल गरी बोलपत्र दर्ता गराउने श्री बेलु निर्माण सेवा व्यास २ तनहुँले कबोल गरेको -मु.अ.कर र आयकर बाहेक) रु.१,०२,८२,८२८।२० अंकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने कार्यको लागि मूल्यांकन समितिबाट सिफारिस भै सम्झौता प्रक्रिया समेत अगाडि बढिसकेको हुँदा उक्त ठेक्का स्वीकृत गरी हालसम्म कार्यालयबाट अगाडि बढाइएका प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा USAID र NSET को सहयोग समेतमा स्थापना गरिने आपतकालिन कार्य सञ्चालन केन्द्र तत्काल सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन विपद् शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ स्थित करङ्गकाठमा निर्मित बसपार्कमा पार्किङ्ग शुल्क लगाउनका लागि २ (दुई) पटकसम्म टेण्डर आव्हान गर्दा समेत टेण्डर पर्न नआई हालसम्म शुल्क उठाउन नसकिएको हुँदा सोही ठाउँ बस्ने तिर्थ आलेले मिति २०७८ आश्विन महिनादेखि मासिक रू.३०,०००। (तीस हजार रुपैयाँ) का दरले नगरपालिकालाई पार्किङ्ग शुल्क बुझाउने गरी पार्किङ्ग शुल्क उठाउने अनुमति पाउँ भनी निवेदन दिएकाले नगरपालिकाले वार्षिक न्यूनत्तम रू.३,००,०००। (तीन लाख रुपैयाँ) राखी टेण्डर गरेकोमा सो रकम १० महिनामा नै उठ्ने भएकोले निजलाई बोलाई सम्झौता गरी पार्किङ्ग शुल्क उठाउन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको खर्चलाई पारदर्शी बनाउनका लागि देहाय बमोजिमको मध्यकालिन खर्च संरचना निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | – संयोजक |
| -उपप्रमुख श्री मिरा जोशी | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. १, श्री खरसिं दरै | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. २, श्री काशीराम श्रेष्ठ | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ३, श्री प्रेमकुमार श्रेष्ठ | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ४, श्री विश्वराज न्यौपाने | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ५, श्री मोहनकुमार श्रेष्ठ | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ६, श्री सूर्यभक्त भण्डारी | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ७, श्री सतिशचन्द्र न्यौपाने | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ८, श्री ओजराज पौडेल | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ९, श्री सुरेश थापा | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. १०, श्री तुलसीराम सापकोटा | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. ११, श्री निरबहादुर खड्का | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. १२, श्री तोत्रबहादुर कुँवर | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. १३, श्री लेखबहादुर राना | – सदस्य |
| -वडा अध्यक्ष वडा नं. १४, श्री काजीमान श्रेष्ठ | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री तमबहादुर दरै | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री कल्पना पोखेल | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री चन्द्रमाया परियार | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री सुनसरी गुरुङ्ग | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री अमृतबहादुर नेपाली | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री मधुमाया घर्ती | – सदस्य |
| -कार्यकारिणी सदस्य - श्री नरीमाया राना | – सदस्य |
| -सचिव - श्री डिल्लीराम सिग्देल | – सदस्य सचिव |

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको योजना तर्जुमा तथा अनुगमनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको योजना तर्जुमा तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -उपप्रमुख श्री मिरा जोशी | – संयोजक |
| -प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – सदस्य |
| -वडाध्यक्ष श्री तुलसीराम सापकोटा | – सदस्य |
| -कार्यकारीणी सदस्य श्री कल्पना पोखेल | – सदस्य |
| -वरिष्ठ इन्जिनियर डा. राजु पौडेल | – सदस्य सचिव |

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको देहाय अनुसार हुने गरी मध्यकालिन खर्च संरचना प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – संयोजक |
| -शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख | – सदस्य |
| -सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख | – सदस्य |
| -वित्तिय व्यवस्थापन शाखा प्रमुख | – सदस्य |
| -सूचना अधिकारी | – सदस्य |
| -आ.ले.प. शाखा प्रमुख | – सदस्य-सचिव |

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १ कमलादी कर्पोरेट हाउस स्थित बाराही क्वोरिज प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त निरेन्द्र प्रधान निवेदक व्यास नगरपालिका समेत विपक्षी भएको उत्प्रेषण परमादेश मुद्दामा व्यास नगरपालिकाको नाउँमा श्री सर्वोच्च अदालतबाट जारी भएको ७ (सात) दिने म्याद मिति २०७८/५/३१ गते प्राप्त भएकोमा कार्यालयको कार्य व्यस्तताका कारण म्याद भित्र लिखित जवाफ पेश गर्न असमर्थ भएकाले कानून बमोजिम म्याद थामी लिखित जवाफ लेखी श्री सर्वोच्च अदालत काठमाण्डौंमा पेश गरी उक्त मुद्दाको पुर्पक्ष गर्ने लगायत सम्पूर्ण काम गर्नका लागि व्यास नगरपालिकाको तर्फबाट वरिष्ठ प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खलेलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ को सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य एन.एम.वि. बैंकबाट वितरण हुदै आएकोमा उक्त बैठकद्वारा बढी भार भएकोले भत्ता वितरण गर्न असमर्थता व्यक्त गर्दै आएकाले सो बैंकसँगको सम्झौता रद्द गरी एन.सी.सी. बैंक दमौली शाखासँग सम्झौता गरी १३ नं. वडाको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० दुम्सीचौर शहरी स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्न अत्यावश्यक देखिएको हुँदा सङ्घीय स्वास्थ्य मन्त्रालयलाई दुम्सीचौर शहरी स्वास्थ्य केन्द्र व्यास १० को स्तरोन्नतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** : प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मा सञ्चालित विकास प्याथोलोजीको मिति २०७७/६/३ गते १ वर्षसम्मका लागि संस्था नवीकरण भएको र मिति २०७८/६/३ गतेबाट म्याद सकिने हुँदा सोही मितिदेखि लागू हुने गरी पुनः नवीकरण गरी पाउँ भनी पर्न आएको निवेदन बमोजिम स्वास्थ्य शाखाको सिफारिसका आधारमा म्याद सकिएकै मितिदेखि लागू हुने गरी १ (एक) वर्षसम्मका लागि संस्था नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८** : प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा तनहुँ जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट ट्राफिक सिग्नलहरुको बोर्ड बनाउन माग भई आएको हुँदा सो बोर्डहरुको लागत इष्टिमेट बमोजिमको रकमबाट ट्राफिक सिग्नलको बोर्ड बनाई जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्रका सबै विद्यालयमा व्यवस्थापन समिति नयाँ गठन भइसकेकोले हाल भइरहेका प्रधान अध्यापकहरुको कार्य क्षमताको मूल्याङ्कन गरी ७ दिने विद्यालय विकास प्रस्ताव माग गरी २०७८ कार्तिक मसान्तभित्र प्रधान अध्यापक नयाँ नियुक्ति प्रस्ताव गर्न सबै विद्यालयहरुलाई शिक्षा तथा सामाजिक विकास शाखा मार्फत दिर्नेशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सूचना सञ्चार क्षेत्रमा परामर्श सेवा दिन पत्रकार श्री प्रदिप काफ्ले र कानूनी परामर्श सेवाका लागि अभिवक्ता श्री यज्ञबहादुर

रानालाई २०७८ श्रावण १ गतेदेखि ०७९ आषाढ मसान्तसम्म १ वर्षका लागि जनही वार्षिक रू.१,९५,०००। (एक लाख पन्चानब्बे हजार) दिने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मा हाल सञ्चालनमा ल्याउन लागिएको अनमोल आयुर्वेद स्वास्थ्य क्लिनिक दर्ता गरी पाउँ भनी निवेदन पर्न आए अनुसार स्वास्थ्य शाखा मार्फत अनुगमन गर्दा सम्पूर्ण मापदण्ड पुरा भएकोले दर्ता गरी सञ्चालन गर्ने अनुमति दिन उपयुक्त भएको व्यहोरा सिफारिस भई आएकोले उक्त अनमोल आयुर्वेद स्वास्थ्य क्लिनिकलाई दर्ता गरी सञ्चालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२** : प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट EBPS (Eletronic Building Permit System) विद्युतीय नक्शा पास प्रकृया लागू गर्नका लागि Data Entry र Checking का लागि व्यास नगरपालिका वडा नं.२ बस्ने सविया बेगमलाई मासिक रु.१५,०००। (पन्ध्र हजार) करार सम्झौता गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.२३** : प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | कार्यालयको लिफ्ट मर्मत | | १,००,०००। | ७९२ |
| २. | ज्ञानगंगा डाँडागाउँ नाला निर्माण गल्बुबेंसी | १ | ७,००,०००। | ७९५ |
| ३. | बुल्दी रैथाने कुखुरा फर्म मेशिन खरिद तालघारी | १ | ५०,०००। | ८६४ |
| ४. | निर्मलनगर टोल विकास संस्था सडक बत्ती जडान | १ | १९७,०००। | ८६४ |
| ५. | दुर्गा मन्दिर संरक्षण रङ्ग रोगन | ३ | ५०,०००। | २०७ |
| ६. | सृजना टोल सुकबहादुर राना समेत घर संरक्षण | ३ | ५,००,०००। | विपद |
| ७. | ह्यूमपाइप नाला मर्मत सम्हार | ४ | ८०,०००। | मर्मत सम्हार |
| ८. | जलदेवी मन्दिर रङ्ग रोगन | ४ | ८०,०००। | ६७ वडागत |
| ९. | चुरेखोल्सी पक्की नाला निर्माण | ४ | ५,००,०००। | ८६४ |
| १०. | देवी प्रसाद भुषाल घर आगलागी राहत | ४ | २०,०००। | विपद |
| ११. | महेश सुवेदी घर आगलागी राहत | ४ | २०,०००। | विपद |
| १२. | साँगे पतेनी नहर पैह्रो फाल्ने समेत | ५ | १,६०,०००। | ७८९ |
| १३. | रानीटारी भवन मर्मत सम्हार | ५ | १,००,०००। | ७८५ |
| १४. | सिन्धु कृषि सहकारी बाढीपिडित क्षतिपूर्ति | ५ | ८०,०००। | विपद |
| १५. | सडक मर्मत सम्हार पतेनीटार | ५ | २,९०,०००। | मर्मत सम्हार |
| १६. | सिन्धुमार्ग कियापानी ह्यूमपाइप जाली समेत | ६ | २,४०,०००। | मर्मत सम्हार |
| १७. | मुस्लिम आमा समूह भवन कोठा थप शौचालय निर्माण | ६ | २,४०,०००। | ७८५ |
| १८. | सन्तमान प्रधान मोटर खरिद | ६ | २४,०००। | विपद् |
| १९. | क्यामिन मा.वि.नाला निर्माण | ७ | ३,९०,०००। | ७७२ |
| २०. | कलेस्ती टोल शौचालय जाने बाटो निर्माण | ७ | ५०,०००। | ८६४ |
| २१. | कलेस्ती खानेपानी मुहान संरक्षण | ७ | ८०,०००। | ७९४ |
| २२. | कलेस्ती एग्रो फर्म कालोतार | ७ | ३०,०००। | ७९० |
| २३. | रामकृष्ण पौडेल घर संरक्षण | ८ | ४०,०००। | विपद |
| २४. | चिसापानी खानेपानी योजनाह्र | ८ | २,५०,०००। | ७९४ |
| २५. | रिस्ती स्वास्थ्य चौकी खानेपानी ट्याङ्की समेत | ८ | १,८६,०००। | ७८१ |

| | | | | |
|---|---|---|---|---|
| २६. | जलदेवी कुवा मर्मत | ८ | १,७०,०००। | ७९४ |
| २७. | लोर्तेगाउँबाट गाडापानी जाने सिंडी बाटो निर्माण | ८ | ३५,०००। | ८६४ |
| २८. | गजुरे स्वास्थ्य चौकी वडा कार्यालय संरक्षण जाली भर्ने | ९ | १,६०,०००। | ७८१ |
| २९. | माहेन्द्र मा.वि. घेरावार | ९ | ४,००,०००। | ७७२ |
| ३०. | कालमुडा देउराली चापाकोट कुलो निर्माण | ९ | ४,५०,०००। | ७८९ |
| ३१. | अनन्त रिङ्ग रोड खेल मैदान बाटो निर्माण | १० | ५०,०००। | ८६४ |
| ३२. | मान मा.वि. कम्पाउण्ड वाल समेत | १० | ५,००,०००। | ७७२ |
| ३३. | शिव माध्यमिक विद्यालय व्याकअप खरिद | १० | २,००,०००। | ७७२ |
| ३४. | पदम बहादुर प्रजा शौचालय निर्माण | १० | २५,०००। | ८६४ |
| ३५. | मनमाया गुरुङ्ग उपचार खर्च | १० | २५,०००। | ३९ |
| ३६. | शान्तिनगर टोल सडक बत्ती व्यवस्थापन | १० | २,००,०००। | ७९० |
| ३७. | रामबहादुर ढकाल घर संरक्षण | १० | ३०,०००। | विपद |
| ३८. | निर्बु बराह मन्दिर निर्माण संरक्षण समेत | १० | ७,५०,०००। | ७८५ |
| ३९. | मनकुमारी थापा घर संरक्षण | १० | २०,०००। | विपद् |
| ४०. | अनन्त पोल्टी  एण्ड एग्रिकल्चर प्रा.वि. पहिरो नियन्त्रण | १० | २०,०००। | विपद् |
| ४१. | जयनेपाल प्रतिक्षालयबाट रानीगाउँ जाने कचवे मर्मत | ११ | ९०,०००। | मर्मत सम्हार |
| ४२. | कृष्ण थापाको घर, गोठ संरक्षण | ११ | ३०,०००। | विपद |
| ४३. | बेलटारी युवा क्लव प्रतियोगिता | ११ | ३०,०००। | ४२ |
| ४४. | डुडेचौतारा निर्माण मर्मत | ११ | ७५,०००। | ८५८ |
| ४५. | मिश्र भैसी फर्म गोठ ममर्मत | ११ | २०००० | विपद |
| ४६. | बाघेश्वाँरा कुलो मर्मत | १२ | ७५,०००। | ७८९ |
| ४७. | हुमलाल भुजेल धानबाली क्षतिपूर्ति | १२ | ५०,०००। | विपद |
| ४८. | बाजे बज्यै मन्दिर निमाृण बेनीकोट | १३ | २,००,०००। | २०७ |
| ४९. | छाब्दी भड्खाला कजवे मर्मत | १३ | ३,३६,०००। | मर्मत सम्हार |
| ५०. | पोखरीभञ्ज्याङ्ग छरछरे खानेपानी पाइप खरिद समेत | १३ | ६०,०००। | ७९४ |
| ५१. | प्रेम बहादुर मगरको घर आगलागी  राहत | १३ | ४०,०००। | विपद |
| ५२. | तारखोला मोटर पुल नजिक ग्याविन लगाउने | १३ | १६५,०००। | विपद |
| ५३. | केशवटार युवा भलिवल प्रतियोगिता | १४ | ४०,०००। | ४२ |
| ५४. | ठिन सामुदायिक भवन अगाडि चौतारा निर्माण | १४ | २,००,०००। | ८५८ |
| ५५. | टि गार्ड निर्माण | ३ | १४०,०००। | २०३ |

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका विभिन्न गतिविधि प्रकाशन गरे वापत नगर भित्रका पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई गतवर्ष दिए कै आधार र शर्तमा आ.व.२०७८।०८९ का लागि सम्झौता गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२५** : प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विश्व बैंकको सहयोगमा सञ्चालित शहरी शासकीय क्षमता विकास कार्यक्रमको प्राविधिक संयोजनका लागि शहरी पूर्वाधार विकास शाखा प्रमुख वरिष्ठ इन्जिनियर डा. राजु पौडेललाई र मानुहुँकोट, नारेश्वर ताल पर्यटन प्रवर्द्धन कार्यक्रमको संयोजन वरिष्ठ इन्जिनियर श्री रविन्द्रलाल मुललाई तोक्ने निर्णय गरियो ।